सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्षः २ | अंक : १४२ | वि.सं. २०७९ पुस ०७ गते विहीबार | 22, 2022 Thursday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## वीरगञ्ज महानगरले गरेको विद्यालय वर्गीकरण र शूल्क निर्धारण मान्य हुँदैन : प्याब्सन पर्सा

**वीरगञ्ज, ६ पुष ।** निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पर्साले वीरगञ्ज महानगरपालिकाले अवैधानिक रुपमा निजी विद्यालयको वर्गीकरण र शूल्क निर्धारण गरेको आरोप लगाएको छ ।

प्याब्सन पर्साका सचिव राहुल श्रीवास्तवले बुधवार एक प्रेस विज्ञप्ती जारी गर्दै महानगरले गरेको निजी विद्यालयको वर्गीकरण र शूल्क निर्धारणप्रति आपत्ती जनाएको हो ।




महानगरले गरेको संस्थागत विद्यालयहरुको वर्गीकरण तथा शूल्क निर्धारणप्रति गम्भिर ध्यानाकर्षण भएको बताउँदै प्याब्सन पर्साका सचिव श्रीवास्तवद्वारा जारी विज्ञप्तीमा भनिएको छ, 'स्थानीय शिक्षा नियमावलीको नियम ९७ को (क) मा संस्थागत विद्यालयहरुले लिने शूल्कका लागि संघीय तथा प्रदेश कानुनले तोकेको मापदण्ड बमोजिम सम्बन्धित विद्यालयले शैक्षिक सत्र शुरु हुनुभन्दा ३ महिना अगावै विद्यालयको शूल्क खुलाई आउने शैक्षिक सत्रको निम्ति शिक्षा शाखामा प्रस्तावित शूल्क पेश गर्ने व्यवस्था छ ।'

वीरगञ्ज महानगरपालिकाको स्थानीय शिक्षा नियमावलीमै विद्यालयको वर्गीकरण तथा शूल्क निर्धारण अनुगमन समिति पनि गठन नगरी र प्रतिनिधिमुलक संस्था प्याब्सनबाट कुनै पनि प्रतिनिधिको प्रतिनिधित्व र राय परामर्श बिना नै गरिएको वर्गीकरण र शूल्क निर्धारणलाई त्रुटिपूर्ण भनिएको छ ।

शिक्षा नियमावली २०५९ र वीरगञ्ज महानगरपालिकाको स्थानीय शिक्षा नियमावलीमा भएका कानुनी व्यवस्था अनुसार प्रतिनिधिमुलक संस्थाको प्रतिनिधित्वबिना संघीय कानुन र स्थानीय कानुनको खिल्ली उडाई कानुन विपरीतको वर्गीकरण र शूल्क निर्धारण मान्य नहुने पनि प्याब्सन पर्साले विज्ञप्तीमार्फत जानकारी गराएको छ ।

## पर्साको भिस्वाबाट भण्डारण गरिएको ३११ बोरा भारतीय चामल बरामद



वीरगन्ज, ६ पुस। पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर ५ भिस्वामा जिल्ला अनुगमन टोलीले छापामारी अवैध रुपमा ल्याईएको भारतीय चामल बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्सा, सशस्त्र प्रहरी बल नम्बर १३ गण हेडक्वाटर र वीरगन्ज भन्सार कार्यालयको सयुँक्त टोलीले भिस्वा बजारमा छापामा मारेर ३ सय ११ बोरा भारतीय चामल बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल नम्बर १३ गण हेडक्वाटर पर्साका सशस्त्र प्रहरी नायव उपरीक्षक संतोष बस्नेतका अनुसार भिस्वा बजारमा भण्डारण गरि राखिएको सूचनाको आधारमा छापामारी गरि उक्त परिमाणको चामल बरामद गरिएएको हो ।

भिस्वा बजारस्थित बिस्मिल्लाहा मियाँ तेलीको घरमा गोदाम भाडामा लिएर भण्डारण गरिएको थियो । बरामद चामल आवश्यक कारवाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा ल्याईदैछ ।

## जिराभवानी गाउँपालिकामा नाचगानको क्रममा भएको झगडामा एक जनाको मृत्यु।



पर्सा – पर्साको जिराभवानी गाउँपालिकामा नाचगानका क्रममा भएको झगडामा परी एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा जिराभवानी गाउँपालिका ४ ठेकरियाका ३६ वर्षीय सैमुल्लाह राउत गद्दी रहेका छन् ।

बुधवार बिहान ४ बजे प्रहरी चौकी पाण्डेपुर र इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट प्रहरी निरीक्षक किशोर आचार्यको कमान्डमा रहेको टोलीले उनलाई उपचारार्थ नारायणी अस्पताल वीरगन्जमा पुऱ्याएको र अस्पतालबाट चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। मंगलबार राति ११ बजे सैमुल्लाह आफ्ना छिमेकी सरुम राउत गद्दीको छोरा साबिर राउत गद्दीको विवाहमा सहभागी हुन गएका थिए ।

वैवाहिक समारोहमा नाचगान गर्ने व्यक्तिलाई उनले नाँच्नमा रोक लगाएपछि विवाद भएको थियो । त्यस क्रममा स्थानीय जाजुल राउत गद्दीसमेतले सैनुल्लाहलाई कुटपिट गरेको कुरा खुल्न आएको र घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## स्थानीय तहको बित्तिय सुशासन जोखिम मुल्यांकन सम्बन्धी अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रम सम्पन्न

**रामजी यादव ६पुस पर्सा।**

**प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र जनकपुरधाम धनुषाको आयोजनामा स्थानीय तहको बित्तिय सुशासन जोखिम मुल्यांकन सम्बन्धी अन्तरक्रिया र अभिमुखीकरण कार्यक्रम जिल्ला समन्वय समितीको सभाकक्षमा आज सम्पन्न भएको छ।जिल्ला समन्वय समिती पर्साका उप-सभापति पुरन पटेलको सभापतित्वमा भएको कार्यक्रममा पर्साको चौद्ध पालिकाका मेयर-उपमेयर,अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लगायतहरुलाई सो संस्थाका प्रशिक्षकहरुले प्रशिक्षण दिएका थिए।प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र जनकपुर धनुषा द्वारा आयोजित ३दिने कार्यक्रमको आज पहिलो दिन सम्पन्न भएको हो।पहिलो दिन भएको कार्यक्रममा पर्साको चौद्ध**



**पालिकाका मेयर-उपमेयर,अध्यक्ष - उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृतहरुको उपस्थिति रहेको थियो भन्ने भोली कार्यक्रममा पालिकाका योजनाअधिकृत,आई.टी.अधिकृत, एफ.आर.ए.सम्पर्क ब्यक्ती र आर्थिक प्रशासन प्रमुखहरुको सहभागिता रहने आयोजकले जनाएको छ सो कार्यक्रममा सखुवा प्रसौनी गाउँ पालिकाका अध्यक्ष यसवंत यादवले प्रत्येक पालिकाहरुमा भएको स्थानीय सरकारमा बिकासको अनुभुती भएको संधिय सरकारबाट नै हो। संधिय सरकारले प्रत्येक पालिकामा करोडौको बजेट तथा बिभिन्न योजनाहरु पठाइरहेको छ। यो सबै संधिय सरकारले गर्दा नै भएको कुरामा प्रष्ट पार्नु भयो।जिल्ला समन्वय समितीका उपाध्यक्ष पुरन पटेलले पर्सा जिल्लाका` प्रत्येक पालिकामा धेरै बजेट र योजनाहरु छुटयाए पनि तर त्याहाका मेयर र अध्यक्षहरु बिकासको काममा ब्यस्त नभई आफ्नो काममा बढी बयस्त देखिनु धेरै दुर्भाग्यको कुरा भएको प्रकाश पार्नु भयो सो**

**कार्यक्रममा जिरा भवानी गाउँ पालिकाका प्रमुख प्रशासकीय प्राण मेहता,बिन्दबासिनी गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु साह,सखुवा प्रसौनी गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ साह,बहुदरमाई नगरपालिकाका नि.प्रशासकीय प्रमुख बिदुर उप्रेती लगायतको उपस्थिति रहेको थियो।**

## पोखरिया नगरपालिकामा पालिका स्तरीय अभिमुखी करण कार्यक्रम सम्पन्न ।

पोखरिया । पर्साको पोखरिया नगरपालिका आज पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । शिक्षा बिकास निर्देशनालय मधेश प्रदेशको आयोजनमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा स्थानीय तह शिक्षा सम्बन्धि नगरपालिकामा ११ सदस्यि कमिटी गठन गरिएको नगरपालिकाले जनाएको छ। ११ सदस्यि कमिटीको अध्यक्षमां नगरपालिकाको नगर प्रमुख प्रद्युमन प्रसाद चौहान ,सचिवमां विजय कुमार झा , सदस्यमा उपमेयर रूबी कुमारी ठाकुर , वडा अध्यक्ष नौसद आलम लगाएत रहेका छन ।



# ज्योती जागरण

दैनिकको लागि

प्रकाशक

**ज्योती मिश्रा** (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


# सरकार निर्माणको आधार

**डा. महेन्द्र विष्ट**

सुकुम्बासीको पीडा कतिञ्जेल सरकार निर्माणको प्रक्रियाका हिसाबले मात्र होइन, नेपाली राजनीतिको भावी दिशाको सन्दर्भमा समेत यो साता महत्त्वपूर्ण छ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको एक महिना भइसकेको छ। सम्पूर्ण निर्वाचन परिणाम आएको र राष्ट्रपति समक्ष निर्वाचन आयोगले प्रतिवेदन बुझाएको पनि पाँच दिन बितिसकेको छ।

तर, नयाँ सरकार निर्माणको प्रक्रिया भने धिमा गतिमा बल्ल सुरु हुँदैछ। दलहरूलाई यस्तो परिणाम आउँदैछ भन्ने कम्तीमा एक साताअघि नै स्पष्ट भइसकेको थियो। संख्याको मोटामोटी आँकडा त दुई साताअघि नै आइसकेको हो।

यद्यपि दलहरू कुनै हतारोबिना परामर्शमा छन्। अघिल्लो निर्वाचनमा राष्ट्रपतिसमक्ष निर्वाचन परिणाम बुझाएकै दिन नयाँ प्रधानमन्त्रीको दाबी राष्ट्रपति भवन पुगिसकेको कारण फटाफट प्रक्रिया अघि बढेको थियो। तर, यसपटक प्रतिवेदन प्रस्तुत भएको चार दिनसम्म कुनै सुरसार नभएपछि राष्ट्रपतिबाट संविधानको धारा ७६(२) बमोजिम नयाँ प्रधानमन्त्रीमा दाबी प्रस्तुत गर्न सात दिनको समय दिएर आह्वान भएको छ। यस आधारमा हेर्दा मुलुकले नयाँ प्रधानमन्त्री पाउन अझै एक साता लाग्नेछ।

सरकार निर्माण राजनीतिक विषय हो। यसको खाका निर्वाचन परिणामसँगै देखिनु पर्दछ। तर, अहिले पनि परिदृश्य स्पष्ट छैन। यो प्रक्रिया रहस्यको गर्भमा छ।

दलहरू स्वाभाविकभन्दा अस्वाभाविक खेलमा छन्। अझ भनौं एकले अर्कोलाई गलाउने र जस्तोसुकै समीकरणमा जान सक्ने अवस्थामा छन्। राजनीति सरल रेखामा बग्दैन, बक्र रेखामा हिँड्छ भन्ने गरिन्छ।

त्यही भाष्यलाई पछ्याउँदै दलहरू नयाँ नयाँ प्रयोगको कसरतमा छन्। स्वाभाविक प्रक्रियामा सरकार जन्मिन्छ वा फेरि अर्को चमत्कारको बाटोमा जान्छ भन्ने जिज्ञासा सबैतिर छ। दलहरूको समीकरण र नयाँ सरकारको जन्म कहिले, कसरी, कुन रूपमा हुन्छ अहिल्यै भन्न सकिने अवस्था छैन।

नेपालको विद्यमान निर्वाचन प्रणालीअनुसार कुनै पनि दलले स्पष्ट बहुमत हासिल गर्न सम्भव छैन भन्ने गरिन्छ। मिश्रित प्रणालीलाई आत्मसात् गरिएको कारण त्यसो भनिएको हो। तर, यस पटकको निर्वाचनमा प्रत्यक्षतर्फ मात्र हेर्दा पनि कुनै दलको बहुमत छैन ।

मिश्रित प्रणालीमै पनि कुनै दलले स्पष्ट बहुमत ल्याउन सक्दै नसक्ने होइन। आउन सक्छ। तर, त्यति सजिलो भने अवश्य पनि छैन। त्यसो त नेपालमा अहिलेसम्मका आठवटा संसदीय र संविधानसभाका निर्वाचनमध्ये केवल तीन वटा २०१५, २०४८ र २०५६ सालको निर्वाचनमा मात्र कुनै दलले स्पष्ट बहुमत हासिल गर्न सकेको इतिहास छ।

यद्यपि ती तीन वटै बहुमत पनि कार्यकाल पूरा गर्न सफल हुन सकेनन्। तीन वटै दुर्घटनामा पुगे। एउटा मध्यावधिमा गयो भने दुईवटा प्रणाली नै समाप्त गर्ने खालको शाही हस्तक्षेपमा परे। बहुमतले त पूरा अवधि बिताउन नपाएको अवस्थामा अल्पमतका सरकार पूरा अवधि चल्ने कुरै भएन। जसोतसो संसद् पाँच वर्ष चलेको अवस्थामा पनि सरकार भने अस्थिर रहे। अहिले फेरि त्रिशंकु संसद् बनेको छ। सरकार बन्न नपाउँदै देखिएका रस्साकस्सी र अनेक खेलले निराशाजनक अवस्थाको संकेत गर्दैछ। अस्थिरतासँगै विकृतिको सिलसिला सुरु हुने लक्षण देखिइसकेको छ।

यो पटकको निर्वाचनमा अघिल्लो निर्वाचनको दलीय हैसियतमा हेरफेर आएको छ। केही दलको स्थिति खस्किएको छ भने केहीको सुधार भएको छ। केही नयाँ दलहरू संसद् प्रवेश गरेका छन्। अन्तिम मत परिणामअनुसार सात वटा राष्ट्रिय दल बन्न पुगेका छन् भने संघीय संसद्मा उपस्थिति बनाउने दलको संख्या १२ पुगेको छ। स्वतन्त्र सांसद पनि संसद्मा पुगेका छन्।

प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको ८९ सिट छ भने दोस्रो ठूलो दल एमालेको ७८ सिट। यस्तै माओवादी ३२, राष्ट्रिय स्वतन्त्र पार्टी २०, राप्रपा १४, जसपा १२, एकीकृत समाजवादी १०, जनमत ६, लोसपा ४, नागरिक उन्मुक्ति ३ स्थानसहित संसद्मा पुगेका छन्। जनमोर्चा र नेमकिपाले एक एक सिट पाएका छन्। दलका विद्रोहीसहित पाँच जना स्वतन्त्र छन्।

निर्वाचन परिणामले पूर्ववर्ती शक्ति सन्तुलनमा केही फेरबदल ल्याएको छ। हिजो सुविधाजनक अवस्थामा रहेको एमाले अहिले दोस्रो दलमा सीमित रहन पुग्दा सरकार निर्माणको दौडमा पछाडि छ। हिजो रक्षात्मक अवस्थामा रहेको कांग्रेस उत्साही छ।

सरकार निर्माणमा नेतृत्वदायी भूमिकामा छ। यद्यपि सुविधाजनक स्थितिमा कोही पनि छैनन्। ११ सिटको अघिपछि रहेका कांग्रेस र एमाले संख्याको खेलमा खासै भिन्न अवस्थामा छैनन्। बृहत्तररूपमा हेर्दा तात्विक अन्तर छैन। प्रमुख तीन दलको वरिपरि नै सत्ता घुम्ने अवस्था छ।

दुई ठूला दलबीच न्यूनतम समझदारी बनेर निकास दिने हो भने राजनीतिक विकृति रोक्दै स्थिरताको वातावरण बन्न सक्छ।

त्यस्तो अवस्थामा मुलुकले अहिले झेलिरहेका आर्थिक-सामाजिक चुनौतीको सहज सामना गर्न सक्ने र बाह्य प्रभावलाई पनि रोक्न सक्ने सामर्थ्य रहन्छ। यस्तो समझदारीको निम्ति कतिपयले पहलकदमी लिइरहेको पनि बुझिन्छ।

यद्यपि उनीहरूबीच सहकार्यको सम्भावना न्यून छ। यसर्थ सत्ताको चाबी फेरि पनि तेस्रो दलकै हातमा छ। प्रतिनिधिसभामा विद्यमान अंकगणितले मूलतः चार खालको सत्ता समीकरणको सम्भावना देखाउँछ। पहिलो वर्तमान सत्ता गठबन्धनकै निरन्तरता। यसमा सरकार निर्माणको निम्ति आवश्यक संख्या अपुग भए पनि कुनै सानो दलको साथ लिएर सहजै संख्या पुऱ्याउन सकिने अवस्था छ। दोस्रो अघिल्लो संसद्को समीकरण अर्थात मूलतः वामपन्थी समीकरण। त्यसको लागि संख्या पुग्दैन।

तर, एमालेसँग चुनावी समीकरणमा रहेका वा नयाँ पार्टीलाई समेटेर आवश्यक संख्या पुऱ्याउन सक्ने स्थिति छ। अर्को दुई ठूला दल नेपाली कांग्रेस र एमालेबीचको सहकार्य। यसमा संख्याको कुनै समस्या छैन। स्थिरताको लागि पनि यो उपयुक्त विकल्प हो। तर, संसदीय अभ्यासमा पहिलो र दोस्रो दलको सत्ता साझेदारी त्यति सहज अभ्यास मानिन्न ।

यसर्थ यो तत्काललाई सम्भव विकल्प होइन। अर्को सम्भावना गैरकम्युनिस्टको सरकार। यसमा कांग्रेसले गैरकम्युनिस्ट सबै दल र स्वतन्त्र व्यक्ति समेटेर सरकार बनाउन सक्तछ। तर, यो पनि त्यति सहज भने छैन।

यो साता सरकार निर्माणको साता हो। आउँदो आइतबारसम्म सरकार दिनु पर्छ। यदि समयसीमाभित्र सरकार दिन नसके दलहरूकै सहमतिमा केही समय थप गर्ने वा संविधानको अर्को व्यवस्थातर्फ अग्रसर हुने अवस्था बन्छ ।

त्यस्तो अवस्थामा संविधानको धारा ७६ को उपधारा ३ आकर्षित हुन्छ। यसमा जाँदा संसद्मा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुने अवस्था बन्छ ।

त्यो सरकारले ३० दिनभित्र विश्वासको मत हासिल गरेमा

**बाँकी तेश्रो पृष्ठमा**

# जाडोको कहर

**ढुण्डीराज पौडेल**

स्वास्थ्यकर्मीका रूपमा ३९ वर्षअघि पुसको चिसोमा म मध्यपश्चिम पहाडी जिल्ला पुगेको थिएँ । हरेक जाडो मौसममा मलाई त्यही गाउँको सम्झना हुने गर्छ । छेत्रीहरूको बाहुल्य रहेको सो गाउँका प्रायः पुरुष मजदुरीका लागि अन्यत्र गएका थिए । दुई साथी र मैले बल्लबल्ल बास पाएको घरको अवस्था निकै दयनीय थियो । ससाना चार बालबालिका हामी पुग्दा अगेनामै टाँसिइरहेका थिए । तिनका हातहातमा कोदाका रोटी थिए ।

उनीहरू परालकै ओछ्यान, परालकै ओढ्नेका भरमा रात कटाउने रहेछन् । रातभरि अगेनामा धूवाँ पुतपुताइरहेको हुन्थ्यो । धूवाँले तातो हुन्छ भनेर सम्झाउँदै आमाले छोराछोरी सुताउन खोज्थिन् तर रातिको चिसोले बालबालिका सुत्न सक्दैनथे ।

रोइरहेको आवाज आइरहन्थ्यो । मध्यबेंसी तथा बेंसीमा घर-खेत हुनेहरू पहाडको टाकुराबाट जाडो छल्न झर्ने गर्थे तर यो परिवारको कतै केही थिएन ।

आज चार दशकपछि पनि यस्तो स्थितिमा परिवर्तन आएको छैन । वैदेशिक रोजगारीमा गएकाहरूले आफ्नो आर्थिक अवस्थालाई थोरै उकासे पनि धेरै परिवारको हालत यस्तै छ । जाडोबाट जोगिन पनि तिनलाई गाह्रो हुने गर्छ । आर्थिक अवस्था कमजोर भएका देशैभरिका लाखौं परिवारको जीवनमा हिउँद सुरु हुनेबित्तिकै कष्ट थपिने गर्छ ।

पहिले बस्ती नजिकका वनजंगलबाट दाउरा सहजै ल्याउन सकिन्थ्यो । अहिले धेरै ठाउँमा सामुदायिक वनले गर्दा चाहिएका बेला दाउरा पाइन्न । जाडोका लागि त महिनौंअघिदेखि दाउराको जोहो गर्नुपर्छ । जोहो गर्न नसक्ने परिवारको हालत निकै नाजुक हुन्छ ।

पहाड मात्र होइन, तराई-मधेशका आर्थिक रूपमा कमजोर परिवारलाई पनि जाडोबाट जोगिन मुस्किल पर्छ । घर निकै कमजोर हुन्छ । बर्सेनि शीतलहरमा धेरै व्यक्तिले ज्यान गुमाउने गर्छन् ।

विशेष गरी बालबालिका र वृद्धवृद्धालाई शीतलहरबाट जोगाउन हम्मे हुन्छ । प्रत्येक दिन मजदुरी गरेर परिवारको आवश्यकता पूरा गर्नुपर्नेहरूलाई स्याँठको परबाह नगरी काममा निस्कनुपर्ने हुन्छ, जति बेला उनीहरूका आङमा न्यानो लुगा पनि हुँदैन ।

शरीरको तापक्रम ४१.५ डिग्री सेल्सियससमाथि वा ३५ डिग्री सेल्सियसभन्दा कम हुनु घातक हुन सक्छ । एक्कासि २९ डिग्रीभन्दा कम हुन गए 'हाइपोथालामस' ग्रन्थिको तापक्रम नियमन प्रणाली नै असफल हुने सम्भावना हुन्छ । तापक्रम अत्यन्तै न्यून हुँदा रक्तकोषसहित मुटु, मस्तिष्क, मृगौला आदिमा रक्तप्रवाह अवरुद्ध हुन गई व्यक्तिको मृत्यु हुन सक्छ ।

चेतनाको अभावमा मानिसहरू जाडो भगाउन भन्दै रक्सी खाने गर्छन् । रक्सी निलेपछि सीधै आमाशयमै सोसिन जाँदा मानिसमा न्यानोको गलत भ्रम पैदा हुन्छ । रक्सीले रक्तनलीहरू फैलाउनाले रक्त प्रवाह बढ्न जाँदा न्यानोजस्तो लागे पनि चिसोमा उल्टो तापको क्षयीकरण हुन जान्छ ।

यसरी जाडोमा रक्सीले 'हाइपोथालामस' बाट सम्पादित हुने तापक्रम नियन्त्रण एवम् नियमन गर्ने स्वचालित प्रणालीलाई नै असर गर्छ । तसर्थ चिसोमा न्यानोका लागि रक्सी खाँदा झन् असर हुन्छ ।
जाडोले फोक्सो एवम् श्वास प्रणालीमा पनि असर गर्छ ।

त्यसैले नाक र घाँटीदेखि फोक्सोमा समेत विभिन्न संक्रामक रोग बढ्न थाल्छन् । खोकी, दम बल्झिन सक्छ । त्यसैले बिँडी, चुरोट, तम्बाकुको उपयोग झनै हानिकारक हुन्छ । दम, मधुमेह, उच्च रक्तचाप, मुटु, कलेजो, मृगौला आदिका दीर्घरोगीलाई जाडोले झनै पिरोल्ने गर्छ ।

धेरैजसो घरमा जानकारीको अभावमा जाडो भगाउन झ्यालढोका बन्द गरेर आगो बाल्ने गरिन्छ, जुन काम श्वासप्रश्वास प्रणालीका निम्ति अत्यन्त हानिकारक हुन्छ । वरिष्ठ चिकित्सक मृगेन्द्रराज पाण्डेको करिब ३० वर्ष पुरानो अनुसन्धानले यो तथ्यलाई पुष्टि गरिसकेको छ । धूमपानजस्तै भान्साको धूवाँ पनि अति हानिकारक हुन्छ भन्ने उनको निचोड छ । न्यानोका लागि झ्यालढोका बन्द गरेर आगो बाल्दा, बर्सेनि धेरैले ज्यान गुमाउने गरेका छन् ।

गाउँघरमा मात्र होइन, निकै प्रदूषित वातावरण भएको काठमाडौं उपत्यकामा समेत श्वासप्रश्वासका बिरामी बढ्न थालेका छन् । बिहान हिँड्न बन्देज लगाउनुपर्ने अवस्था आएको छ । चिकित्सकहरूले जाडो महिनामा भरसक काम नपरी घरबाहिर ननिस्कन सल्लाह दिने गरेका छन् ।

पछिल्लो समय शासनसत्तामा लोकतान्त्रिक समाजवाद, कल्याणकारी राज्य व्यवस्थादेखि जनजीविकाको सुनिश्चितताको नारा दिने कम्युनिस्टहरू नै हावी हुँदै आएका छन् । उनीहरूले अपनाएको वितरण प्रणाली, नीति तथा कार्यक्रममा अत्यन्तै विपन्न परिवार तथा बालबालिका समेटिँदैनन् । न्यानो

**बाँकी तेश्रो पृष्ठमा**

# आमाहरुको स्वास्थ्यको अर्थ

**सरिता तिवारी**

मंसिरको दोस्रो साता उक्लिँदै थियो । भर्खरै सकिएको चुनावको तीव्र तातो बाफ घरको चुलोदेखि सामाजिक सञ्जालको भित्तोसम्म गुम्बजझैं बाक्लिएर उडिरहेका बेला साथीले सुझाएको एउटा नौलो स्वादको किताब पढ्ने हुटहुटीले म नारायणगढस्थित 'सम्पूर्ण किताब' को रिसेप्सनसम्म हुर्रिंदै पुगेकी थिएँ । र किताबको औपचारिक विमोचन पनि नहुँदै हात लागेको थियो 'शून्यको मूल्य' ।

शून्य भन्नासाथ शून्यवाद अर्थात् 'निहिलिज्म' वा 'जिरो' याद आउने लत लागेको मथिंगलमा किताबको शीर्षक आफैं एउटा रोचक पहेलीजसरी घुमिरहेको थियो । तर जसै किताबको दैलोभित्र छिरियो, शून्यका हिसाबकिताब प्रकट हुँदै गए ।

किताबका विषय, भूगोल र पात्र कर्णाली क्षेत्रसँग जोडिँदै व्यक्त भएकाले यसलाई 'कर्णाली चिन्ने किताब' नै भन्न पनि सकिन्छ तर यो त यसको एउटा आयाम मात्रै हो । अथाह गरिबी, भोक, दुःख र ती सबैसँग लड्ने बेहिसाब संघर्षको कथा भन्ने कुनै किताब या सिनेमा कहाँ उभिएर लेखिन्छ वा कुन ठाउँमा टेकेर खिचिन्छ, त्यो स्थानिक मात्रै हुँदैन, खास गरी नेपालजस्तो देशका सन्दर्भमा ।

केही थान पात्र र तिनले भोगिरहेका कठोर स्थितिहरूका माध्यमबाट समकालीन समाजको सिंगो अनुहार र कमजोर अर्थतन्त्रका लुला गोडामाथि उभिएको देशको गति अनुभूति गराउने यस किताबले 'विकास' को प्रचलित मानकमाथिको हेराइ नै बदल्दिने दृष्टि दिन्छ ।

त्यो दृष्टि जसलाई ठूलठूला 'प्लानर' हरूले चटक्कै छोडिदिएका छन् । अर्थशास्त्री र समाजविज्ञानीहरूले समेत 'नोटिस' गरिदिएका छैनन् । राजनीतिक नेतृत्व र तिनका कार्यकर्ताले त सुगारटाइजस्तो वर्ग असन्तुलनका मोटामोटा नारामै मात्र अलमल्याएर वर्षौंदेखि समाजलाई गन्तव्यहीन अलपत्र यात्री बनाएकै छन् । आर्थिक वृद्धि, सामाजिक समावेशीकरण र वातावरण संरक्षणलाई आधार मानेर दिगो विकासको लक्ष्य निर्धारण गर्ने संयुक्त राष्ट्रसंघले सम्म हेक्का राख्न नसकेको त्यो दृष्टि रहेछ- एउटा समाजले, एउटा समृद्ध विश्वको कल्पना गर्ने पुस्ताले विकासको पूर्वाधारका रूपमा सबैभन्दा पहिले सूचीबद्ध गर्नुपर्ने प्रारम्भिक काम के हो भन्ने कुरा ।

र त्यो रहेछ- बलिया आमाहरू निर्माण गर्ने काम । बलिया आमाहरू अर्थात् शारीरिक, मानसिक, सामाजिक सबै स्थितिले स्वस्थ, सकुशल आमाहरू । बलिया आमाहरू अर्थात् तिनले निर्माण गर्ने पूर्ण स्वस्थ पुस्ता, सन्तुलित र उज्यालो सामाजिकता ।

बालरोग विशेषज्ञका आँखाबाट समकालीन समाज पढ्ने चेष्टामा हामी कस्ता देखिँदा रहेछौं ? हाम्रा योजना, राज्यको रातो किताबले खाकामा राखेका विकास लक्ष्य, विकासको 'ग्लोबल मिसन' र हामीले भुक्तमान काटिरहेको परिवेशबीच टुप्लुक्क आइपुगेर एउटा डाक्टरले हामीतिर फर्केर गर्ने संवाद कस्तो हुने रहेछ ?

समाजका फक्ल्याँटा चिरेर, यी हेर्नुस् यो हो हाम्रो असफलता र हामीले व्यक्तिगत/संस्थागत जागरुकता र जिम्मेवारीका ससानै प्रयत्न गर्दा पनि हात लाग्ने सफलता यीयी हुन् भन्न कुन स्तरको संवेदनशीलता चाहिन्छ ? यी सबै कुराको उत्तर डा. नवराज केसीले दिएका रहेछन् आफ्नो किताबमार्फत ।

'शून्यको मूल्य' मा मूलतः तीनवटा सरल प्रस्ताव छन् । राज्यले विकास र समृद्धिका नाममा फूलबुट्टे शब्द खिपेर, रातो किताबका पाना भरेर मात्रै समय र पैसा खेर नफालोस् । विकासलाई मानवीय मूल्य र विवेकको उत्थानसँग जोडेर कर्णालीजस्ता राज्यको आँखाबाट कोसौं पर रहेका ठाउँमा साधारण प्रयत्नले फत्ते गर्न सकिने ती प्रस्ताव हुन्- एक, नागरिकमाथि लगानी गर र त्यसका लागि बालबालिकाबाट थाल । दुई, गुणात्मक मातृत्वका लागि बलिया र सुरक्षित महिलाको निर्माण गर ।

अनि तीन र सम्भवतः यसअघि कुनै पनि सरकार र योजनाकारले नभनेको प्रस्ताव हो- भविष्यको सबल अर्थतन्त्रका लागि पहिलो र तेस्रो पुस्ताको बाक्लो संवाद हुने परिवार संरचनालाई प्रोत्साहित गर ।

स्वस्थ र सम्पूर्ण रूपले गुणात्मक क्षमता भएका नागरिक उत्पादनका लागि सही ठाउँमा लगानी हुनुपर्छ भन्नेमा विकासको आधारभूत प्रयत्न जोडिनुपर्छ भनेर राज्यले कहिल्यै आत्मबोध गरेन ।

हामीकहाँ नागरिकमाथिको लगानी शून्य बराबर छ । संघीय प्रणालीमा गैसक्दा पनि प्रदेश तहका सरकारलाई असफल साबित गर्न संघीय सरदारहरू आफैंले कतिपय अग्राधिकार लिएर बसेका छन् । क्षेत्रीय, लैंगिक र कठोर भौगोलिक असमानताको महासामन्त बनेर लामो समयदेखि काठमाडौंमा विदेशी सहयोगको 'घाँस' पाउर मार्ने शासकहरूले कति कर्णालीवासीका सपना खर्लप्प निलिदिए, त्यसको हिसाब कहाँ होला ?

यो किताबका कथाजस्तै कथामै मात्रै कि अन्यत्र पनि ? कर्णालीका भीर-अक्करमा चरम सामाजिक-सांस्कृतिक अवहेलना खेप्दै मातृत्वको परीक्षा दिइरहेका आमाहरू र तिनका धूलिधुसर लडाइँका नालीबेलीमा अड्केका यी कथाको मजबुनमा लेखक भन्छन्- आमाहरूमाथि लगानी गर । आमाहरूमार्फत नयाँ आउँदो पुस्ता अर्थात् निर्माणाधीन नागरिकहरूमाथि लगानी गर ।

यहाँ वर्णित आमाहरूले प्रकृतिवत् रहेका चट्टानी पहरामा

**बाँकी तेश्रो पृष्ठमा**

## सरकार ......

सरकार निर्माणको अन्योल तत्काललाई हट्छ। विश्वासको मत नपाए उपधारा– ५ तर्फ जान्छ। त्यसमा प्रतिनिधिसभामा बहुमत जुटाउन सक्ने कुनै पनि सांसद प्रधानमन्त्री बन्दछ। उसले ३० दिन भित्र विश्वासको मत लिन सके सरकारले निरन्तरता पाउँछ भने विश्वासको मत लिन नसके मुलुक स्वतः नयाँ निर्वाचनमा जान्छ।

अहिले तत्काल अर्को निर्वाचनको सम्भावनाको आकलन गर्न सकिन्न। संविधानको धारा ७६(२) बमोजिमकै सरकार बन्ने विश्वास लिन सकिन्छ। तर, कस्तो ? यो अहिलेको अहम् प्रश्न हो। नयाँ प्रधानमन्त्रीमा गणितीय आधारमा पहिलो सम्भावना शेरबहादुर देउवा, दोस्रो केपी शर्मा ओली र तेस्रो पुष्पकमल दाहाल प्रचण्डकै हो। त्यसमा पनि समीकरणको आधारमा तत्कालको सम्भावना देउवा वा दाहालकै हो। तर, व्यक्ति को हुने मात्र आजको मूल प्रश्न होइन। के आधारमा ? कस्तो समीकरणमा ? कुन एजेन्डामा ? अनि के को लागि ? भन्ने विषय पनि महत्त्वपूर्ण हो। व्यक्तिको छनोट गरेर त्यसलाई पुष्टि गर्ने तर्क खोज्नुभन्दा पहिलो नीतिगत स्पष्टताको आधारमा व्यक्ति वा समीकरण टुंगो गर्नु सुल्टो हुन्छ।

राजनीति देशको मूल नीति हो। लोकतन्त्रमा राजनीतिलाई सही बाटोमा हिँडाउन दलको भूमिका प्रमुख हुन्छ। दलको निर्माण विनिर्माण लहडमा होइन, वैचारिक-सैद्धान्तिक जगमा स्पष्ट मार्गचित्रको आधारमा हुनुपर्छ। दलहरूबीचको समीकरण र सहकार्य पनि त्यसैबाट निर्देशित हुन्छ। भेडा भेडासँग, बाख्रा बाख्रासँग भन्ने नेपाली उखान नै छ। हरेक जीवजन्तु, पशुपन्छी वा बोटबिरुवा आदि हरेकको जात हुन्छ। सजातीय वा विजातीय आधारमा त्यसको वर्ग छुटिन्छ। वैज्ञानिक अध्ययन त्यसैमा आधारित भएर हुन्छ। प्रकृतिको यो नियम राजनीतिमा पनि लागू हुन्छ यदि यसलाई विज्ञान मान्ने हो भने। विजातीय मेल कुनै निश्चित मुद्दा वा निश्चित कालखण्डमा हुन सक्छ।

तर, त्यो अल्पकालीन हुन्छ। अस्थायी हुन्छ। केमेस्ट्री नमिल्ने सम्बन्ध लामो जाँदैन। नेताहरूले व्यक्तिगत चलाखी, बौद्धिक चातुर्य वा परिस्थितिको कारण तत्कालको लाभ हेर्नेभन्दा सैद्धान्तिक वैचारिक कसीमा त्यसलाई परख गरेर मात्र अघि बढ्न सक्नु पर्दछ। चलखेलले आर्जन गरेको शक्ति दिगो हुँदैन। सत्तादेखि सत्तासम्मको राजनीतिले अन्तमा नेतृत्वलाई असान्दर्भिक बनाइदिन्छ भने दललाई विघटनमा पुऱ्याउँछ। त्यसको संकेत यही निर्वाचनमा समेत देखिइसकेको छ।

सरकार निर्माणको प्रक्रियाका हिसाबले मात्र होइन, नेपाली राजनीतिको भावी दिशाको सन्दर्भमा समेत यो साता निकै महत्त्वपूर्ण छ। अबको एक साता भित्र सत्ता समीकरणको अन्तिम टुंगो लाग्ला। नयाँ सरकार बन्ला। तर, त्यसक्रममा हुने सम्झौताले भने मुलुकलाई लामो समयसम्म प्रभावित गर्नेछ।

भनिन्छ, जस्तो बीउ रोप्यो उस्तै फल लाग्दछ। यो साता हुने नेपाली राजनीतिको रोमाञ्चक खेलले मुलुक, आमनागरिक र लोकतान्त्रिक प्रणालीको भविष्य निर्धारण गर्नेछ। यसमा राजनीतिक नेतृत्व गम्भीर बनोस्।

**साभार अन्नपूर्णपोष्ट्**

## आमाहरुको.....

लतारिँदै-लछारिँदै गरेका देखिने संघर्ष त छँदै छन्, तीभन्दा बढी जातीय र मनोसामाजिक संरचनामा ठडिएको महाकाय अर्थराजनीतिक संकटको समस्याभित्र हेलिँदै मान्छेको जुनी वरण गर्न तिनले बेहोरेका नदेखिने खली कम भयानक छैनन्। भुनभुनेकी आमा (जसको नाम उनैलाई समेत थाहा छैन), बुधेकी फुपूआमा, भेडिनी कान्छी, पुतली आमा - यी प्रत्येक आमाको कथाका गुम्फनमा तपाईं खास वाद र सिद्धान्त त भेट्न सक्नुहुन्न तर यतिचाहिँ बुझ्नुहोस्, यी सबै पात्रले बाँचेको जीवनलाई साक्षी बनाएर 'विकास' का प्रचलित मानकको समीक्षा गर्न र राज्यका असफलताको जरो कारण पहिल्याउन लेखकले गरेको जमर्को भने साधारण छैन। पढ्नेहरूको होस-चेत उडाउने यी कथा लेख्ने डाक्टरभित्र संवेदनाका कति विकट रचनागर्भ र त्यसका तहहरू होलान्!

विगत शताब्दीको पचासको दशकयता विकास र अविकासको भाष्य उनेर 'अविकसित देशहरूलाई माथि उठाउन' भन्दै गरिएको वैश्विक परजीवीकरणको खेती र असीको दशकदेखि संरचनागत सामञ्जस्य कार्यक्रम (एसएपी) लगायतका 'दाता देश' का परनिर्भरमुखी ललिपपहरूको दुष्परिणाम नै नेपालजस्ता देशका यी आमाहरूले भोगिरहेका नियति हुन् भन्न कुनै द्विविधा छैन। तिनैका स्थानीय एजेन्ट बन्न बानी परेका शासकवर्गलाई आफ्नो र आफ्नाहरूको बाहेक अरूको र अझ टाढाको कर्णालीको त रत्ती पनि चिन्ता छैन भन्ने पनि प्रस्टै छ। धनी र गरिबबीचको दूरी घटाउने नाममा बनेका अनेकौं विकासे परियोजना सयौं ठाउँ चुहिने चाल्नीमा पानी भरेजस्तो बेकार भइरहेको कुराले शासकहरूलाई रौं पनि फरक परेको छैन। मानव विवेक र भुइँ तहका मानिसहरूको संरचनात्मक समानतामाथि गर्नुपर्ने आधारभूत लगानीको उपेक्षा गर्दा कस्तो नतिजा निस्कन्छ भन्ने तथ्यांक हुन् डा. केसीले यस किताबमा कुँदेका मानिसका कथा।

नागरिकमाथि लगानी गर्ने आधार तह हुन्- स्वस्थ आमा र तिनले जन्माउने/हुर्काउने स्वस्थ बालबालिका। स्वस्थ आमा भन्नुको अर्थ आमाहरू मानसिक, सांस्कृतिक र आर्थिक रूपले समेत स्वस्थ हुनुपर्छ भनेको हो।

बालबालिकालाई स्वस्थ र तन्दुरुस्त जीवन दिन राज्यले आमाको मानसिक स्वास्थ्यमाथि सबैभन्दा बढी लगानी गर्नुपर्छ भन्ने लेखकको प्रस्तावमा असहमत हुने ठाउँ नै छैन।

जुन देशमा आमाहरू घरदेखि समुदाय र समाजसम्म कठोर हिंसामा छन्, जहाँ आज पनि स्त्रीको स्थान ज्यालादारी कामदेखि नागरिकता प्राप्तिसम्मै दोस्रो दर्जामा छ, जहाँ महिलाले आत्मसम्मानसाथ उभिन मात्रै खोज्दा पनि हिंसाको सिकार बन्नुपर्ने अवस्था अझै छ, जहाँ आज पनि महिनावारीजस्तो शरीरको जैविक प्रक्रियालाई विभेदको आधार बनाइन्छ, त्यहाँ महिलाले 'स्वस्थ आमा' बन्ने सुविधा कहिले कसरी पाउलिन् ? यो बहस भने बाँकी नै छ।

बालरोगको पुरुष डाक्टरले स्वभावतः स्वस्थ आमा र गुणात्मक मातृत्वबारे सोच्दा कर्णालीका आमाहरूले आफ्ना सन्तानको जीवनरक्षा गर्न कति गहिरो र अवर्णनीय कष्ट काट्छन् भन्ने अनुभूतिलाई बढी नियालेका छन्। पछिल्लो समय आमा बन्ने स्थिति महिलाको चाहनामा निर्भर हुने कि नहुने भन्ने छलफलसमेत सुरु भैसकेको अवस्थामा यस किताबका कतिपय कुरा हामीमध्येकैलाई 'परम्परागत' नै लाग्न पनि सक्छन्। तर मातृत्वमाथि छलफल हुँदा डाक्टरको पेसागत सीमाका बीचबाटै यहाँका कथा र तीमाथि व्यक्त तथ्यगत टिप्पणी पढिनु न्यायोचित ठहरिएला। यद्यपि, मातृत्वको जैविक गुणभित्र बारम्बार महानताको लेपन थपिँदा घरीघरी डाक्टर लेखकका भावुक पङ्क्तिहरूसँग असहमत पनि भइन्छ। यसैबीच पनि उनले प्रस्ताव गरे अनुसार बलियो, नयाँ पिँढी निर्माण गर्न बलिया र सुरक्षित महिलाहरूको सुनिश्चितता हुनुपर्छ भन्ने कुराचाहिँ हरेक कोणबाट सही ठहर्छ।

नेपाली महिलाहरू बलिया बन्न पाएका छैनन्। सांस्कृतिक, आर्थिक, शारीरिक र मानसिक कुनै पनि स्थितिबाट सुरक्षित बन्न पाएका छैनन्। छन् भने पनि ती असाध्यै थोरै छन्। आर्थिक रूपले बलिया देखिने महिला पनि मनोसांस्कृतिक र शारीरिक रूपले उत्तिकै बलिया छैनन्। गुणात्मक मातृत्वको विकास गर्न यी सबै स्थितिले बलिया र खुसी महिलाको निर्माण गर्नुपर्छ।

डा. केसीले राखेको तेस्रो प्रस्ताव हजुरआमाहरूले बुढेसकालमा थेग्न सक्ने र बनाउन सक्ने उन्नत अर्थतन्त्रसँग जोडिन्छ। परिवार मनोविज्ञान अनुसार पहिलो र तेस्रो पुस्ताबीच संवाद हुने परिवारका बालबालिका स्वस्थ, प्रतिभाशाली र तीक्ष्ण हुन्छन् भन्ने कुराका लागि डाक्टरले सन् २०१४ मा बेलायती प्रधानमन्त्री डेभिड क्यामरुनलाई उद्धृत गरेका छन्, 'हाम्रा हजुरआमाहरूले आफ्नो जीवनको अन्तिम समयमा पनि यो देशलाई करिब सात अर्ब डलर वार्षिक रूपमा कमाएर दिने गर्छन्।' क्यामरुनको यो भनाइसँग 'अक्सफोर्ड ह्यान्डबुक अफ इभोल्युसनरी साइकोलोजी' मा उल्लिखित मानवेतर प्राणीहरू हात्ती, डल्फिन र ह्वेलमा समेत हजुरआमाले दिने पोषण र सुरक्षा हजुरआमाबिना हुर्किने बच्चाका तुलनामा दोब्बर हुने तथ्य जोड्दै डाक्टर कल्पना गर्छन्- नेपालका हजुरआमाहरूले बुढेसकालमा नाति-नातिनासँग सामीप्य स्थापित गर्न पाउँदा हाम्रो अर्थतन्त्रमा कत्रो योगदान पुग्ला ?

आफ्नी हजुरआमासँग गहिरो भावले जोडिएकी बच्चीको उपचारका क्रममा उनले विचार गरेका रहेछन्- हजुरआमाले हुर्काएका बच्चा कृषक, डाक्टर, नेता या अरू कोही पनि बनून्, ती हजुरआमाविना हुर्केका बच्चाभन्दा धेरै स्वस्थ र सक्षम हुन्छन्।

त्यसैले नेपालजस्तो देश र कर्णालीजस्तो क्षेत्रमा हजुरआमामाथि गरिने स्वास्थ्य र शिक्षाको खर्च खर्च होइन, आउने पिँढीको समष्टिगत विकासको लगानी हो।

रोजगारी र आर्थिक गतिविधिका लागि दिनानुदिन परिवार खण्डीकरण र एकल परिवारको अभ्यास मौलाएको वर्तमान स्थितिमा हजुरआमा र नातिनातिनी पुस्ता सँगै रहनेबस्ने कुरा कति सम्भव होला, यसै भन्न गाह्रो छ।

यो परिवार व्यवस्थापनको साधारण समस्या होइन, बृहत् अर्थराजनीतिक जटिलताले घेरिएको विषयसमेत हो। तथापि यो प्रस्तावमाथि सबैको उचित ध्यान जानु जरुरी छ।साभार : कान्तिपुर

## जाडोको........

कपडा र आवासको अभावमा कठ्याङ्ग्रिन बाध्य व्यक्तिहरूको जीवनमा सुधार कसरी ल्याउन सकिन्छ ? के नेताहरूलाई भूमिगत अवस्थामा रहँदा दूरदराजका गाउँहरूमा जाडो याममा त्यहाँका विपन्न परिवारले कति कष्ट पाउँथे भन्ने सम्झना छैन ? अहिले विभिन्न तहका सरकार क्रियाशील छन्, उनीहरूले यो मुद्दामा काम गर्नुपर्छ। राजनीतिक दल तथा नेताहरूले यो विषयलाई प्राथमिकतामा राख्नुपर्छ। न्यून आय भएका परिवारको आर्थिक हैसियत कसरी उकास्ने भन्नेमा पनि उत्तिकै चासो लिनुपर्छ। अनि मात्र निम्न वर्गका परिवारलाई जाडोबाट जोगाउन सकिन्छ।सभार इकान्तिपुर

# चीनसँगको सीमामा भारतले बढायो सैनिक



एजेन्सी

नयाँदिल्ली – भारतीय विदेशमन्त्री एस जयशंकरले चीनसँगको विवादित सीमा क्षेत्रमा परिचालित भारतीय सैनिकको संख्या बढाएर हालसम्मकै धेरै पुऱ्याइएको बताएका छन्।भारतले चीन एक्लैलाई 'सीमाको हालको यथास्थितिमा परिवर्तन ल्याउन नदिने' विदेशमन्त्री जयशंकरको भनाइ छ।

अरुणाचल प्रदेशस्थित भारत-चीन सीमा क्षेत्रमा तैनाथ भारतीय र चिनियाँ सैनिक। तस्विर : भारतीय सेनाको ट्वीटर

अरुणाचलस्थित सीमा क्षेत्र तवाङमा दुई देशका सैनिकबीच गतसाता भएको झडपपछि भारतीय विदेशमन्त्रीले सैन्य उपस्थिति बढाएको बताएका हुन्। 'हामीले चीनसँगको सीमा क्षेत्रमा अभूतपूर्व संख्यामा भारतीय सैनिकहरू परिचालित गरेका छौं,' जयशंकरले भनेका छन्, 'चिनियाँ उग्रताको प्रतिवाद गर्न यो निर्णय लिएका हौं।'

भारत र चीनका सेनाबीच गत डिसेम्बर ९ मा अरुणाचलस्थित सीमा क्षेत्रमा सैन्य झडप भएको हो। झडपमा केही भारतीय सैनिक घाइते भएका जनाइएको छ। मानवीय क्षति नभए पनि दुई देशबीच वर्षौंदेखि जारी तनाव थप चर्केको छ। चिनियाँ सैनिकहरूले सीमामा अतिक्रमण सुरु गरेपछि प्रतिवाद गरिएको भारतीय पक्षको दाबी छ।

घटनापछि चिनियाँ सेनाका वेस्टर्न थिएटर कमान्डका प्रवक्ताले भने अवैध रूपमा सीमा पार गरेका भारतीय सैनिक चिनियाँ सैनिकसामु आएपछि तनाव उत्पन्न भएको बताएका थिए। तवाङ घटनापछि चिनियाँ विदेश मन्त्रालयले झडप भएको सीमा क्षेत्र हाल शान्त रहेको र शान्ति कायम राख्ने विषयमा दुवै पक्षबीच छलफल चलिरहेको जनाएको छ।

घटनापछि भारत र चीनबीच सीमा विवाद तनावपूर्ण छ। दुवैतर्फको सीमा क्षेत्रमा सैन्य तैनाथी बढाउँदै लगिएको र सीमा क्षेत्रमा भौतिक पूर्वाधार निर्माण कार्य तथा सैन्य हतियार तथा उपकरणको संख्या थप गरिएको जनाइएको छ।

दुई देशका सैनिकहरूबीच गत वर्षको जनवरीमा पनि भुटाननजिकैको सीमा क्षेत्रमा झडप हुँदा केही सैनिक घाइते भएका थिए। गत वर्षकै सेप्टेम्बरमा पनि भारतीय सैनिकले सीमामा गोली चलाएको चीनले आरोप लगाएको थियो। दुई देशबीच सन् १९६२ मा सीमा विवादका कारण युद्ध भएको थियो। उक्त युद्धमा भारतले हार बेहोरेको थियो।

लद्दाखको झडपपछि १६ चरणमा वार्ता भइसकेका छन् तर समस्या भने समाधान हुन सकेको छैन। समस्या समाधान भइरहेका बेला गत साता पुनः दुई देशका सेना आमनेसामने भएपछि घटनाले भारतको आन्तरिक राजनीतिसमेत तातेको छ। भारतीय सञ्चारमाध्यमहरूका अनुसार भाजपा नेतृत्वको सरकारले घटनालाई लुकाउन खोजेको भन्दै विपक्षी दलहरूले सोमबार भारतीय संसदका दुवै सदन अवरुद्ध पारेका छन्।

सीमाको अवस्थाबारे संसदमा तत्काल छलफल गर्नुपर्ने माग अस्वीकृत भएपछि प्रतिपक्षी दलहरूले संसद् बहिष्कार गरेका हुन्। विपक्षी दल कंग्रेसका नेता राहुल गान्धीले चीनबाट हुन सक्ने खतरालाई सरकारले बेवास्ता गरेको आरोप लगाएका छन्। भारत र चीनबीचको विवादित सीमा क्षेत्रलाई एलएसी (लाइन अफ एक्चुअल कन्ट्रोल) भनिन्छ।

एलएसीमा सीमा विभाजन स्पष्ट नरहेका कारण दुवै देशका सैनिकबीच कतिपय अवस्थामा झडपको अवस्था उत्पन्न हुने गरेको छ। दुई देशबीचको ३ हजार ४ सय ८८ किलोमिटर लामो सीमा क्षेत्रमा विवाद भइरहनुको मुख्य कारण पनि सिमाना प्रस्ट नहुनु नै हो।

# मस्कले ट्वीटरको सीईओबाट राजीनामा दिने

काठमाडौं – इलन मस्कले सामाजिक सञ्जाल ट्वीटरको प्रमुख कार्यकारी अधिकृत (सीईओ) बाट राजीनामा दिने भएका छन्। बुधबार बिहान ट्वीट गर्दै मस्कले सीईओबाट राजीनामा दिने घोषणा गरेका हुन्। उनले सीईओका लागि अर्को व्यक्ति भेटिएसँगै राजीनामा दिने र आफूले सफ्टवेयर र सर्भर टिम हेर्ने बताएका छन्।

यसअघि मस्कले आफू भविष्यमा ट्वीटरको कार्यकारी प्रमुखका रूपमा रहने वा नरहने विषयमा मत दिन र उक्त मतको आफूले सम्मान गर्ने भन्दै प्रयोगकर्तालाई आग्रह गरेका थिए। 'के म ट्वीटरको प्रमुख पदबाट हट्नुपर्छ ?' उनले ट्वीटर प्रयोगकर्तालाई जवाफका लागि 'हो वा होइन' मा क्लिक गर्न आग्रह गरेका थिए। आफूले ट्वीटरको सीईओको जिम्मेवारी लिएको केही सातापछि ट्वीटरले प्रयोगकर्ताको मतअनुसार अघि बढ्ने बताएका हुन्।

एक करोड ७५ लाखभन्दा ट्वीटर प्रयोगकर्तामध्ये ५७.५ प्रतिशतले उनको विपक्षमा मतदान गरेका छन्। पक्षमा ४२.५ प्रतिशतले मत दिए। प्रयोगकर्ताको मतलाई सम्मान गर्ने र आफ्नो फरक राय नरहेको उनको भनाइ थियो।

मस्कले अप्रत्याशित रूपमा ट्वीटर प्रयोगकर्तालाई प्रतिद्वन्द्वी सामाजिक सञ्जालमा उनीहरूका खाताबारे प्रचारप्रसार गर्न प्रतिबन्ध लगाउने गल्ती गरेको स्वीकार गरेको केही समयपछि सर्वेक्षणका लागि पोस्ट गरेका हुन्। 'आगामी दिनमा ठूला नीतिगत परिवर्तनका लागि मतदान हुनेछ। म माफी माग्छु। फेरि त्यस्तो हुने छैन,' उनले लेखेका थिए।

गत अक्टोबरमा मस्कले कम्पनीको कार्यभार सम्हालेपछि विवादास्पद निर्णयहरू



गरिसकेका छन्। त्यस्ता निर्णयमा फलोअरलाई अन्य साइटमा उनीहरूका पोस्ट हेर्न प्रोत्साहित गर्न प्रेरित गरिएको थियो। 'अब अन्य सामाजिक सञ्जालको निःशुल्क प्रचारका लागि अनुमति दिइने छैन,' ट्वीटरले भनेको छ। उदाहरणका लागि प्रयोगकर्तालाई इन्स्टाग्राममा 'फलो मि' पोस्ट गर्न प्रतिबन्ध लगाइने ट्वीटरले जनाएको छ। ट्वीटरका सहसंस्थापक ज्याक डोर्सीले भने नयाँ नीतिमाथि प्रश्न उठाएका छन्।

मस्क कार निर्माता टेस्ला र रकेट फर्म स्पेसएक्सका मालिकसमेत हुन्। अक्टोबर २७ मा ट्वीटरको प्रमुख भएदेखि उनी बारम्बार विवादमा आएका छन्।

त्यसयता उनले कम्पनीका आधा कर्मचारीलाई बर्खास्त गरिसकेका छन्। पहिले निःशुल्क रहेका सेवाका लागि पनि शुल्क लिन खोजेपछि उनीप्रति प्रयोगकर्ताहरू आक्रोशित बनेका थिए।

ट्वीटर किनेसँगै उनले सीईओ पराग अग्रवालसँगै उच्च अधिकारीहरूलाई बर्खास्त गरेका थिए।

## १६ भारतीय......

औषधिमा दाबी गरिएको पदार्थ जुन थोरै वा कुनै पनि समावेश नहुँदा पनि त्यस्ता औषधिले उपचारात्मक प्रभाव पार्दैन। धेरै देशले जीएमपी मापदण्ड पूरा गरेका औषधिलाई मात्रै आयात र बिक्री वितरणका लागि योग्य मानेका हुन्छन्।

संगठनकाअनुसार जीएमपी भन्नाले कुनैपनि औषधि उत्पादनमा संलग्न जोखिमहरूलाई कम गर्न बनाइएको निर्देशिका हो जुन अन्तिम उत्पादनको परीक्षणको माध्यमबाट मात्रै हटाउन सकिँदैन। उत्पादनहरूको अप्रत्याशित प्रदूषण, स्वास्थ्यमा क्षति वा मृत्यु, कन्टेनरहरूमा गलत लेबलहरू तथा तथ्यांकहरुलाई सही ढंगबाट नराख्ने जस्ता कार्यले बिरामीहरूले गलत औषधि प्राप्त गर्नसक्ने लगायतका जोखिमहरु हुन सक्छन्।

जीएमपी निर्देशिका पालना गरेर उत्पादन गरिएका सामग्रीमा सो सामाग्री उत्पादन हुने परिसर र उपकरण, कर्मचारीहरुको प्रशिक्षण र उनीहरूको व्यक्तिगत स्वच्छतासम्म पर्छ। यी सबै प्रक्रियाले उत्पादनको गुणस्तरलाई असर गर्न सक्छ। प्रत्येक पटक उत्पादन हुँदा यो प्रक्रियाको प्रत्येक चरणमा सही तरिकाबाट पालना गरिनुपर्ने विश्व स्वास्थ्य संगठनको भनाइ छ। विभिन्न देशले आ-आफ्नो तवरबाट पनि यो नियम बनाएका छन्।

# बनकटवामा दुई दिने आँख ,कान र नाक सम्बन्धी परीक्षण शिविर सम्पन



पोखरिया । पर्साको पोखरिया नगरपालिका वडा नम्बर १ मा रहेको नेपाल राष्ट्रिय सशीधर कृष्ण आधारभूत विधालय बनकटवामा २ दिने आँखा ,कान र नाकसम्बन्धी परीक्षण शिविर आज सम्पन भएको छ ।

उक्त शिविरमा ३ बर्ष देखी १४ बर्ष सम्मको एक हजार चौस्ठी जना बालबालिकाहरूको चेकजाँच गरिएकोमा ३ जनाको आँखामा मोतीयाबिन्द देखा परेको साथै १२ जनालाई निशुल्क आवश्यकता अनुसार चस्मा दिईएको हो भने १० जनालाई कानको सल्यक्रिया गर्नु परेको र ६ जना बिरामीलाइ सुन्ने शक्ति नभएको शिविरले फेला पारेको छ ।
४ जनाको घाँटीको पनि सल्यक्रिया गर्नु पर्ने ,१ जनालाई घाँटीको क्यांसरको संभावना देखिएको र १ जनामा नाकको क्यांसरको समस्या देखिएको शिविरका डाक्टर प्रशांत पौडेलले बताएका हुन ।

पोखरिया नगरपालिकाको आयोजना तथा बिपी नेत्र प्रतिष्ठान हा'स्पिटल काठमांडू भक्तपुरको सहकार्यमा सम्पन भएको हो ।

शिविरलको उद्घघाटन पोखरिया नगरपालिका वडा नम्बर १ बनकटवाका वडा अध्यक्ष प्रमोद गिरी उद्घघाटन गरेको कार्यक्रममा भगवान प्रसाद कुर्मी , विजय झा लगायतको सहभागिता रहेको थियो। भने शिविरमा बिपी नेत्र अस्पताल काठमांडू भक्तपुरको टोलीले निशुल्क औषधि उपल्बध गराएको थियो ।

# ६ वर्षमा ३४ हजार ५८८ सवारीमा मात्र इम्बोस्ड नम्बर जडान

काठमाडौं – ६ वर्षमा ३४ हजार ५८८ सवारी साधनमा मात्र इम्बोस्ड नम्बर प्लेट जडान गरिएको छ । यातायात व्यवस्था विभागले गरेको ठेक्का सम्झौताअनुसार ५ वर्षभित्र २५ लाख सवारीमा इम्बोस्ड नम्बर जडान गरिसक्नुपर्ने थियो ।

तर ठेक्का सम्झौता भएको ६ वर्ष पुग्दा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने सवारीको संख्या ५० हजार पनि पुग्न सकेको छैन ।

इम्बोस्ड नम्बर प्लेटको ठेक्का बंगलादेश र अमेरिकाको डेकाटुर-टाइगर आईटी कम्पनीले २०७३ जेठ १९ गते ज्वाइन्ट भेन्चरमा लिएको हो । सम्झौता २०७८ असारमा सकिए पनि इम्बोस्ड नम्बर प्लेट जडान गर्नेको संख्या बढ्न सकेको छैन । अबको १० महिनाभित्र २४ लाख ६५ हजार ४१२ सवारीमा यो नम्बर प्लेट जडान गरिसक्नु पर्ने छ । यातायात व्यवस्था विभागका महानिर्देशक टोकराज पाण्डेयले वर्कसप मोडलमार्फत् भए पनि तोकिएकै समयभित्र इम्बोस्ड नम्बर प्लेट जडान गर्ने दाबी गरे ।

विभागका अनुसार अहिलेसम्म १२० ठूला सवारी, २२ हजार ३८६ साना तथा मझौला र १२ हजार ८२ दुई पांग्रे सवारीमा मात्र इम्बोस्ड नम्बर प्लेट जडान गरिएको छ ।

सुरुमा अदालती मुद्दा प्रक्रियाले ढिलाई भएपनि अहिले जडानको कामलाई निरन्तरता दिइरहेको विभागले जनाएको छ । २०७४ फागुनमा अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट वितरण रोक लगाउन र नेपाली भाषामा लेखिनुपर्ने माग राख्दै सर्वोच्च अदालतमा रिट परेको थियो । सर्वोच्चले २०७६ मंसिरमा रिट खारेज गरिदिएको थियो । त्यसपछि पुनः इम्बोस्ड नम्बर प्लेट जडानका लागि बाटो खुलेको थियो ।त्यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २०७८ कात्तिक २२ मा राजपत्रमा सूचना प्रकाशित गर्दै सोही वर्षको मंसिर १ देखि नाम टुंगिएका सबै प्रदेशमा इम्बोस्ड नम्बर प्लेट लागू गर्ने भने पनि अहिलेसम्म सबै प्रदेशमा अनिवार्य हुन सकेको छैन ।

राजपत्रमा सूचना निस्किएको एक वर्ष वित्दा नाम टुंगो लागेका मधेस, सुदूरपश्चिम र कर्णाली प्रदेशमा इम्बोस्ड नम्बर प्लेट जडान हुनै सकेको छैन । मधेस प्रदेशमा इम्बोस्ड नम्बर लागू गर्नेबारे अहिलेसम्म राजपत्रमा सूचना प्रकाशित भएको छैन ।




प्रदेश नम्बर १ को नाम टुंगो नलागेका कारण इम्बोस्ड नम्बर प्लेट जडानको सुरसार छैन । विभागका निर्देशक रामचन्द्र पौडेल भने पुसभित्र सुदुरपश्चिम र कर्णाली प्रदेशमा इम्बोस्ड नम्बर प्लेट जडान सुरु हुने दाबी गर्छन् ।'मधेस प्रदेशमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नेबारे राजपत्रमा सूचना प्रकाशित भएपछि प्रक्रिया सुरु हुने छ,' उनले भने ।

इम्बोस्ड नम्बर प्लेट जडान गर्दा ठूला सवारीले ३६ सय, साना तथा मझौलाले ३२ सय, तीनपांग्रे सवारीले २९ सय र दुईपांग्रे सवारीले २५ सय रुपैयाँ यातायात कार्यालयहरुलाई बुझाउनु पर्ने व्यवस्था छ ।

# कांग्रेसका 'वैकल्पिक' नेता

काठमाडौं – नेपाली कांग्रेसका महामन्त्री गगन थापाले कहिलेकाहीं सार्वजनिक मञ्चमै भन्ने गरेका छन्, 'म विद्यार्थी राजनीतिमा आउँदै गर्दा जसले देश चलाइरहेको थियो, अहिले पनि हाम्रो राजनीति तिनै ५-६ जना नेताहरुको वरिपरि छ ।' कांग्रेसको नेतृत्वमा हस्तक्षेपकारी भूमिका खेल्दै कलिलो उमेरमै महामन्त्री बनेका थापाले यसपटक राजनीतिमा रुपान्तरण र नेतृत्वमा पुस्तान्तरणको नारासहित ड्राइभिङ सिटमा दावी गर्ने घोषणा गरेका थिए ।चुनावअघि नै पार्टीको संसदीय दलको नेतामा प्रतिस्पर्धा गर्ने घोषणा गरेका थापा बुधबार भएको संसदीय दलको नेताको निर्वाचनमा सभापति शेरबहादुर देउवासँग फराकिलो अन्तरले पराजित भए । प्राविधिकरुपमा चुनाव हारेपनि राजनीतिक रुपमा उनका लागि लाभ भएको टिप्पणी भइरहेको छ । देउवाका समकालीन नेताहरुलाई विस्थापित गर्दै दलको नेतामा 'बुवा' पुस्ताविरुद्ध थापाको विद्रोहले कांग्रेसभित्र पुस्तान्तरण र रुपान्तरणको रक्तसञ्चार त गरेको छ । पार्टीको देउवापछि वैकल्पिक नेताको रुपमा स्थापित हुँदै थापाले कांग्रेसको राजनीतिमा व्यक्तिगतरुपमा अर्को फड्को मारेका छन् ।राजनीतिक विश्लेषक गेजा शर्मा वाग्ले महामन्त्री थापा कांग्रेसमा वैकल्पिक नेताको रुपमा स्थापित भएको बताउँछन् । 'शेरबहादुर देउवाको पार्टी सभापतिको रुपमा यो अन्तिम कार्यकाल हो, त्यसआधारमा आगामी महाधिवेशनपछि कांग्रेसमा नेतृत्व हस्तान्तरणमात्रै होइन, पुस्तान्तरण नै हुने आधारहरु तय भएका छन्,' विश्लेषक शर्मा भन्छन्, 'देउवाविरुद्ध थापाको उम्मेदवारी र त्यसमा भएको ध्रुबीकरणले त्यसको संकेत गरेको छ । मुख्यकुरा त देउवापछि एकैपटक तेस्रो पुस्ताबाट गगन थापा वैकल्पिक नेताको रुपमा उदाएका छन् ।'संसदीय दलको नेतामा थापाको उम्मेदवारीले कांग्रेसमा आगामी महाधिवेशन लक्षित नयाँ ध्रुबीकरण सुरु भएको छ । नेता शेखर कोइराला थापाका प्रस्तावक थिए भने उपसभापति धनराज गुरुङ, अर्का महामन्त्री विश्वप्रकाश शर्मा र नेता प्रदीप पौडेल समर्थक बसेका थिए ।विश्लेषक शर्मा संसदीय दलको निर्वाचनले पार्टीमा भविष्य भएका, जनाधार भएका र भिजन भएका युवा नेताहरुलाई एक ठाउँमा उभ्याउने काम गरेको बताउँछन् । 'गणितीयरुपमा परिणाम देउवाको पक्षमा आयो । तर, पार्टी राजनीतिको आगामी बाटो राम्रो देखिन्छ, शेखर कोइरालाको अभिभावकत्वमा धनराज गुरुङ, गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल, जीवन परियार र बद्री पाण्डे एकै ठाउँमा उभिएका छन्, राजनीतिकरुपमा यो समूहले नै जितेको देखिन्छ ।'
कांग्रेसमा अहिले जीवित रहेकामध्ये देउवा र रामचन्द्र पौडेलहरू पहिलो पुस्ताका नेता हुन् । विगतमा पटक-पटक प्रतिस्पर्धामा उत्रिएका देउवा र पौडेल यसपटक एउटै कित्तामा उभिएका छन् । दोस्रो पुस्ताका नेताहरू पनि उही कित्तामा छन् । पूर्वउपसभापति विमलेन्द्र निधि, पूर्वमहामन्त्रीहरू प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला र शशांक कोइरालाहरू पनि देउवाकै साथमा पुगेका छन् । तर, गगनको यसपटकको प्रयासले पार्टीमा सिर्जनशील क्षमता राख्नेहरूको ध्रुबीकरण भएको छ भने कांग्रेसको आन्तरिक समीकरणमा पहिलो पुस्तापछि एकैपटक तेस्रो पुस्तामा नेतृत्व हस्तान्तरणको जनाधार तय भएको छ । संसदीय दलको नेतामा पराजित भएपछि महामन्त्री थापाले अनपेक्षित परिणाम आएको बताए । 'मैले यस्तोमात्रै परिणाम अपेक्षा गरेको थिइनँ,' उनले सभापति देउवालाई बधाई दिँदै अघि भने, 'अब पार्टीको महामन्त्री र सांसदकोरुपमा भूमिका निभाउँछु । मैले संसदीय दलको नेता बन्न चाहेको हुँ, भविष्यमा त्यसैको तयारीमा लाग्छु ।'त्यसो त नेता थापाले यस्तो सफल प्रयास विगतदेखि गर्दै आएका छन् । जसले उनलाई कालान्तरमा सफलता मिलेको छ । १२ औं महाधिवेशनमा सबैभन्दा धेरै मत पाएर केन्द्रीय सदस्य निर्वाचित भएका उनले ०६७ मा भएको १३ औं महाधिवेशनमै पार्टीको महामन्त्रीमा दाबी गरे । आफ्नै ससुरा समेत रहेका नेता अर्जुननरसिंह केसीका विरुद्ध उम्मेदवार बनेका उनले ५८४ मत ल्याएर तेस्रो भए ।पहिलो पटक महामन्त्रीमा दावी गरेका थापाको प्रयास १४ औं महाधिवेशनसम्म आइपुग्दा स्वाभाविक जस्तै बन्यो, उनी पार्टी पंक्तिमा महामन्त्रीका लागि स्वीकार्य भए, गत वर्ष भएको १४ औं महाधिवेशनमा सभापतिका उम्मेदवार शेखर कोइराला पराजित हुँदा उनले दुई तिहाई मतसहित महामन्त्री जिते ।थापाले यसपटक संसदीय दलको नेताको चुनावमा पराजित भएपछि पनि आफूले दलको नेता हुने प्रयासलाई जारी राख्ने बताएका छन् । 'मैले पार्टीको महामन्त्रीमा पहिलो प्रयासमा पराजय भोगेकै हुँ । त्यसबेला ल्याएको पाँच सय मतलाई अर्को



तस्बिर : अंगद ढकाल/कान्तिपुर

महाधिवेशनमा तीन हजार पुऱ्याएको थिएँ,' थापाले भनेका छन्, 'अब संसदीय दलको नेता बन्ने, र पार्टीकोतर्फबाट प्रधानमन्त्रीको उम्मेदवार हुने मेरो चाहना हो, अहिलेको परिणामलाई स्वीकार्छु, फेरि संसदीय दलको नेता बन्ने प्रयासमै लाग्छु ।'थापाले पार्टीको राजनीतिभन्दा संसदीय राजनीतिनै आफ्नो प्राथमिकता हुने संकेत गरेका छन् । त्यसो त उनी संसदीय दलको नेताको उम्मेदवार बन्दै गर्दा पार्टीको आगामी महाधिवेशनमा सभापतिको उम्मेदवारबारे नेता शेखर कोइरालालाई बचन समेत दिइसकेका छन् । थापाले कोइरालालाई पार्टीको सभापतिको उम्मेदवारकारुपमा प्रस्ताव गरेपछि कोइरालाले पनि थापालाई संसदीय दलको चुनावमा अघि सारेको नेताहरूको भनाइ छ ।राजनीतिक विश्लेषक शर्मा भने भविष्यमा कांग्रेसको सभापति र संसदीय दलको नेता जो भएपनि कांग्रेसमा भएको यो अभ्यासले राष्ट्रिय राजनीतिमै आशा जगाउने काम गरेको बताउँछन् । 'कांग्रेसमा जसरी पहिलो पुस्ताका शेरबहादुर देउवा र तेस्रो पुस्ताका गगन थापाबीच स्वच्छ प्रतिस्पर्धा भयो, यसले राष्ट्रिय राजनीतिमै अर्थपूर्ण सन्देश प्रवाह भएको छ, अन्य राजनीतिक दलहरुका लागि पनि नेतृत्व विकासको दृष्टिकोणले अर्थपूर्ण सन्देश प्रवाह भएको छ,' उनले भने ।नेपाल विद्यार्थी संघको उपसभापति र महामन्त्री हुँदै पार्टी राजनीतिमा आएका थापा यसपटक चौथोपटक संसद्मा छन् । ०६२/०६३ को जनआन्दोलनमा अग्रपंक्तिमा रहेर भूमिका खेलेका थापा पहिलो संविधानसभामा समानुपातिकबाट सांसद बनेका थिए । दोस्रो संविधानसभाको चुनावमा भने उनले काठमाडौं-४ बाट चुनाव जिते ।त्यसयता उनी निरन्तर सोही क्षेत्रबाट निर्वाचित हुँदै आएका छन् । दोस्रो संविधानसभामा निर्वाचित भएपछि उनी नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा स्वास्थ्यमन्त्री बनेका थिए । त्यसबेला उनले गरेका कामको प्रशंसा हुने गरेको छ ।

# १६ भारतीय औषधि कम्पनीले पालना गरेनन् 'गुड मेनिफ्याक्चरिङ प्राक्टिस'

काठमाडौं – औषधि व्यवस्था विभागले विश्व स्वास्थ्य संगठनको जीएमपी ( गुड मेनिफ्याक्चरिङ प्राक्टिस) अर्थात कुशल उत्पादन अभ्यास पालना नगरेका १६ वटा भारतीय औषधि उत्पादक कम्पनीहरुको सूची सार्वजनिक गरेको छ ।
विभागले विदेशी उद्योगहरुको जीएमपी पालना सम्बन्धी निरीक्षण गर्दा १६ वटा भारतीय कम्पनीले पालना नगरेको पाइएको बताएको हो । यो नियम पालना नगर्नेमा आयुर्वेदिक औषधि उत्पादन गर्ने योगगुरु बाबा रामदेवको कम्पनी 'दिव्य फार्मेसी' पनि परेको छ ।
विभागले गरेको अनुगमनमा १६ वटा भारतीय कम्पनीहरुले जीएमपी निर्देशिका पालना नगरेको भेटिएपनि हाललाई ती कम्पनीका उत्पादनहरुको विक्री वितरणमा भने कुनै बन्देज लाग्ने छैन । विभागका महानिर्देशक भरत भट्टराईका अनुसार कम्पनीहरुले आफूले सबै मापदण्ड पालना गरेको दाबी गरेर प्रमाणपत्र बुझाएको आधारमा अनुगमन मात्रै गरिएको बताए ।'हामीले जीएमपी गाइडलाइन्स पालना गरिएको छ या छैन भनेर मात्रै अनुगमन गरेका हौं । हामीले त्रुटी देखेको विषय सो कम्पनीलाई बताएका छौं । उहाँहरुले त्यसलाई सच्याएर पुन प्रमाणीकरणका लागि निवेदन दिन सक्नुहुन्छ,' उनले भने, 'यसैका आधारमा अहिले नै कुनै कम्पनीको उत्पादनमाथि रोक नै लगाउनुपर्ने अवस्था भने छैन ।'
विभागले जारी गरेको सूचीमा पनि सो कम्पनीले जीएमपीका धेरै प्रावधानहरु मध्ये कुन विषयमा त्रुटी देखिएको हो त्यो औंल्याएको छैन । तर विश्व स्वास्थ्य संगठनको नीति अनुसार भने कुनैपनि औषधि उत्पादक कम्पनीले जीएमपीको पूर्ण पालना गरेको हुँदैन भने उसको उत्पादन प्रयोगको लागि पूर्ण रुपमा सुरक्षित रहेको मान्न सकिँदैन ।
विश्व स्वास्थ्य संगठनकाअनुसार जीएमपी भन्नाले गुणस्तर मापदण्ड अनुसार उत्पादनहरु लगातार उत्पादन र नियन्त्रण सुनिश्चित गर्नको बनाइएको एक प्रणाली हो। खराब गुणस्तरको औषधिमा अनावश्यक रूपमा थपिएका विषाक्त पदार्थहरू हुन सक्छन्।

***बाँकी तेश्रो पृष्ठमा***

